# बीमा समिति

# पदपूर्ति समिति

## खुला/ समावेशी तथा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सूचना नं.१/०७५/०७६

**(सूचना प्रकाशित मिति २०७५।०७।०९)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम बीमा ऐन, २०४९ बमोजिम नेपालमा कार्यरत बीमा व्यवसायसंग सम्बद्ध क्षेत्रको नियमनकारी निकाय बीमा समितिमा तपसिल बमोजिमका पदमा बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम १४ बमोजिम खुला/समावेशी तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यस समितिबाट निर्धारित फाराममा उल्लिखित विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिन भित्र र तीसौं दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन बीमा समिति, मानव संशाधन शाखा, कुपण्डोल, ललितपुरमा दरखास्त दिने अन्तिम मिति भित्र आइपुग्ने गरी दरखास्त आव्हान गरिन्छ। रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन। दरखास्त फाराम तथा पाठ्यक्रम समितिको वेभसाइट www.nib.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपसिल :**

| सि. नं. | पद | सेवा /समूह/ श्रेणी/ स्तर | विज्ञापन नं | खुला/ समावेशी / आ. प्र. | माग पद संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | उमेरको हद | सेवा अवधि / अनुभव | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | निर्देशक | प्रशासन/अधिकृत प्रथम | ०४।०७५।०७६ | आन्तरिक प्रतियोगिता तर्फ | १ | विनियम २० बमोजिमको शैक्षिक योग्यता पूरा गरेको। | सेवाको पदमा स्थायी बहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। | बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि पूरा गरेको | लिखित तथा अन्तर्वार्ता |
| २. | उप निर्देशक | प्रशासन/अधिकृत द्वितीय | ०५।०७५।०७६ | आन्तरिक प्रतियोगिता तर्फ | १ | | | | |
| ३. | सहायक निर्देशक | प्रशासन/अधिकृत तृतीय | ०६।०७५।०७६ | आन्तरिक प्रतियोगिता तर्फ | १ | | | | |
| ४. | उप निर्देशक | कानून/अधिकृत द्वितीय | ०६।०७५।०७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा कम्पनी कानून विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधी प्राप्त। | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ। | कुनै सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच (५) वर्ष काम गरेको अनुभव हासिल गरेको। | लिखित तथा अन्तर्वार्ता |
| ५. | चार्टर्ड एकाउण्टेण्ट | लेखा /अधिकृत द्वितीय | ०७।०७५।०७६ | खुला | १ | मान्यता प्राप्त निकायबाट चार्टर्ड एकाउण्टेण्टसी वा सो सरहको उपाधी प्राप्त। | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ। | कुनै सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच (५) वर्ष काम गरेको अनुभव हासिल गरेको। | लिखित तथा अन्तर्वार्ता |
| | | | ०८।०७५।०७६ | महिला | १ | | | | |
| ६ | सहायक निर्देशक | प्रशासन /अधिकृत तृतीय | ०९।०७५।०७६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधी प्राप्त। | दरखास्त पेश गर्ने अन्तिम मिति सम्म २१ वर्ष पूरा भएको र पुरूष भए ३५ वर्ष र महिला भए ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ। | - | पूर्व योग्यता परीक्षा, लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता |
| | | | १०।०७५।०७६ | महिला | १ | | | | |
| | | | ११।०७५।०७६ | मधेसी | १ | | | | |
| | | | १२।०७५।०७६ | दलित | १ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सहायक निर्देशक | कानून /अधिकृत तृतीय | १३।०७५।०७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधी प्राप्त । | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ वर्ष पूरा भएको र पुरूष भए ३५ वर्ष र महिला भए ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ । | - | पूर्व योग्यता परीक्षा, लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता |
| | | | १४।०७५।०७६ | महिला | १ | | | | |
| | | | १५।०७५।०७६ | दलित | १ | | | | |
| ८ | सहायक प्रथम | प्रशासन /सहायक प्रथम | १६।०७५।०७६ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै एक विषयमा स्नातक तहको उपाधी प्राप्त । | दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भएको र पुरूष भए ३५ वर्ष र महिला भए ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ । | - | पूर्व योग्यता परीक्षा, लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता |
| | | | १७।०७५।०७६ | दलित | १ | | | | |

**दरखास्त दस्तुर:** अधिकृत स्तर प्रथम श्रेणीको हकमा १५०० (पन्ध्रसय रूपैयाँ), अधिकृत स्तर द्वितीय श्रेणीको हकमा १२००(एक हजार दुई सय रूपैयाँ), अधिकृत तृतीय श्रेणीको हकमा १०००(एक हजार रूपैयाँ) र सहायक प्रथमको हकमा ४०० (चार सय रूपैयाँ)हुनेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारका हकमा थप समूह प्रत्येकका लागि अधिकृत स्तर हकमा ४०० (चार सय रूपैयाँ) र र सहायक प्रथमको हकमा २००(दुई सय रूपैयाँ) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थान :** नबिल बैंक स्थित बीमा समितिको चल्ती खाता नं. ०११००१३०११००१ मा परीक्षा दस्तुर जम्मा गर्नुपर्नेछ ।

**दरखास्त प्राप्त गर्ने माध्यम :** उम्मेदवारले दरखास्त फाराम बीमा समितिको website: www.nib.gov.np बाट download गर्नुपर्ने छ ।

**पेश गर्नुपर्ने कागजात :** शैक्षिक योग्यताको प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्र, समावेशी समूहका आवेदन दिने उम्मेदवारहरुको हकमा सम्बन्धित निकायबाट समावेशी विवरण उल्लेख गरी प्रमाणित कागजात ।

**दरखास्त दिने अन्तिम मिति :** २०७५/०८/०८ र दोब्बर दस्तुर २०७५/०८/१५ गते । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन ।

**सम्पर्क मिति :** २०७५ साल मंसिर २३ गते

**परीक्षा कार्यक्रम :** पूर्व योग्यता परीक्षा र लिखित परीक्षा कार्यक्रम सम्पर्क मितिमा तोकिनेछ ।

**परीक्षा केन्द्र :** सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**अन्तर्वार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा तोकिनेछ ।

**तलब र सुविधा:** बीमा समितिको कर्मचारी सेवा शर्त विनियमावली बमोजिम ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन**

क)मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमाजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेका कागजात , तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय तह / निकायका प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराएको कागजात ।

ख)दलितको हकमा राष्टिय दलित आयोगबाट सूचिकृत भएको जातिका हकमा सोही सूचीका अधारमा, तर राष्टिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तह / निकायका प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएका जाति भित्रका थर भनि प्रमाणित गराएको कागजात ।

**द्रष्टव्य:**

क) दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतमा शैक्षिक योग्यता, सेवा अवधि, उमेर, अनुभव पूरा भएको हुन पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई यो प्रयोजनको लागि गणना गरिने छैन ।

ख) विद्यावारिधि हासिल गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

ग) बीमा समितिको वहालवाला कर्मचारीले समान पदमा उम्मेदवार बन्न पाउने छैन ।

घ) बीमा समितिद्वारा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर बुझाएको भौचर संलग्न नभएमा दरखास्त स्वीकृत गरिने छैन ।

ङ) उल्लिखित विषयहरूको लिखित परीक्षा लोक सेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार लोकसेवा आयोगबाट संचालन गरिनेछ । साथै परीक्षाको कार्यक्रम र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

छ) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

ज) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मेदवार हुने किसिम/ समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ ।

झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ ।

ञ) पाठ्यक्रम बीमा समितिको वेबसाइट www.nib.gov.np बाट प्राप्त गर्न सकिने छ ।

ट) परीक्षाको भाषा नेपाली वा अंग्रेजी वा दुबै हुनसक्नेछ ।